जिल्ला सभाबाट पारित मितीः २०८१/०३/२६

# अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालन कार्यविधि २०८१

जिल्ला समन्वय समिति

बैतडी

## प्रस्तावना

महिला तथा बालिकाहरु लैङ्गिक हिंसाबाट सबै भन्दा बढि प्रभावित हुने गरेको तथ्यलाई सबै प्रकारका अध्ययनहरुले पुष्टि गरेको छ ।यसका साथै समाजको लैङ्गिक संरचना, सोच, मुल्य र मान्यताका जस्ता विविध कारणहरुले गर्दा हिंसा प्रभावित महिला तथा बालिकाहरु उचित संरक्षणको अभावमा परेका छन् । परिणाम स्वरुप उनिहरुले हिंसाका घटनाहरुलाई सहेर बस्नु पर्ने बाध्यताका साथै र घटनालाई उजागर गर्दा हिंसा प्रभावितहरु झनै जोखिममा पर्ने गरेको देखिन्छ । तसर्थ लैङ्गिक हिंसा प्रभावित महिला, किशोरी र बालिका तथा आश्रित बालिकाहरुलाई अल्पकालिन सुरक्षित आश्रय सेवा प्रदान गरी उनीहरुलाई उद्धार, संरक्षण, स्वास्थ्योपचार, मनोपरामर्श सेवा, कानुनी सहायता, सुरक्षा लगायत पारिवारिक तथा सामाजिक पुनःस्थापना गर्न आवश्यक देखिन्छ । तसर्थ स्थानीय सरकार संचालन ऐन २०७४ को स्थानीय तहको काम, कर्तव्य र अधिकार अर्न्तगत रहेको सुरक्षित आवास गृह संचालन गर्न सक्ने व्यवस्थाका साथै नेपाल ने सरकारबाट स्वीकृत लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना सन् २०१० को उदेश्यको बुदा नं. ३, घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ तथा सो को नियमावली २०६७ ले गरेको व्यवस्था र एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालन निर्देशिका २०७७ को दफा २.२.४ र नेपालको संविधान ले स्थानीय सरकारलाई प्रदान गरेको अधिकार बमोजिम लैङ्गिक हिंसा प्रभावित महिला तथा बालिकाहरुलाई अल्पकालिन आश्रय प्रदान गरी अन्य आवश्यक सेवाहरु सहजै हासिल गर्न यो अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालन कार्यविधि २०८१ जिल्ला समन्वय समिति बैतडी जिल्ला सभाबाट पारित गरी लागु गरिएको छ ।

जिल्ला समन्वय समिति
बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७४

खगेन्द्र सिंह धामी
प्रमुख

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम **अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालन कार्यविधि २०८१** रहेको छ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको लागि,

(क) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई बुझ्नुपर्दछ ।

(ख) स्थानीय तह भन्नाले बैतडी जिल्लाका सबै १० वटै पालिकाहरुलाई सम्झनु पर्दछ ।

(ग) कार्यपालिका भन्नाले बैतडी जिल्लाका सबै १० पालिकाका कार्यपालिकाहरुलाई सम्झनु पर्दछ ।

(घ) कार्यालय भन्नाले बैतडी जिल्लाका सबै १० वटै पालिकामा रहेको कार्यालयहरुलाई सम्झनु पर्दछ ।

(ङ) हिंसा प्रभावित भन्नाले लैङ्गिक हिंसा प्रभावित महिला तथा उनीहरुका आश्रित बालबालिकाहरुलाई बुझ्नुपर्दछ ।

(च) कोष भन्नाले अल्पकालिन महिला सुरक्षित आवास गृह संचालन कोष सम्झनु पर्दछ ।

## परिच्छेदः २
## उद्देश्य र क्षेत्र

**३. उद्देश्यः**

क) लैङ्गिक हिंसाबाट प्रभावित महिला, बालिका तथा प्रभावितका आश्रित बालबालिकाहरुलाई अल्पकालिन आश्रय प्रदान गर्ने ।

ख) लैङ्गिक हिंसाबाट प्रभावितहरुको उद्धार, स्वास्थ्य उपचार, संरक्षण, मनोसामाजिक परामर्श, कानूनी सेवा र परामर्श सेवा उपलब्ध गराउने साथै उपरोक्त थप सेवाको लागि प्रेषण गर्ने ।

ग) प्रभावितहरुको पारिवारिक तथा सामाजिक पुनर्मिलन वा पुनःस्थापना गर्ने क्षमता विकास, सीप विकास र जिविकोपार्जनका अवसरहरु प्रदान गर्ने ।

**४. कार्यक्षेत्र :**

अल्पकालिन महिला सुरक्षित आवास गृहको कार्यक्षेत्र बैतडी जिल्लाका १० वटै स्थानीय तहहरु हुनेछन् ।

जिल्ला समन्वय समिति बैतडी सुदूरपश्चिम प्रदेश नेपाल २०७४

खगेन्द्र सिंह धामी
प्रमुख

## परिच्छेद-३
## निर्देशक सिद्धान्तहरू

५. **सिद्धान्तहरु** : अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालनमा देहायका मार्गदर्शक सिद्धान्तहरूको अवलम्बन गरिनेछ :

- लैङ्गिक हिंसा प्रभावितहरुलाई विना भेदभाव स्वास्थ्य सेवा, कानूनी उपचार, मनोसामाजिक विमर्श, सुरक्षित आवास, पुनःस्थापना तथा अन्य आवश्यक परामर्श सेवा एकद्वार-प्रणालीमार्फत उपलब्ध हुने कुरा सुनिश्चित गर्ने ।
- सम्मानका साथ सबै कार्यहरु पीडितको छनौट, इच्छा, अधिकार र स्वाभिमानद्वारा निर्देशित हुने ।
- लैङ्गिक हिंसा पीडित वा प्रभावितले बारम्बार सम्बन्धित निकायमा घटना विवरण दोहोऱ्याउन नपर्ने र पुनः मानसिक पीडा सहनुपर्ने अवस्थाको अन्त्य गर्ने ।
- सेवाप्रवाहमा वहुपक्षीय समन्वयका माध्यमबाट एकद्वार-प्रणाली कायम गर्ने ।
- वहुपक्षीय प्रतिकार्यलाई जोड दिंदा लैङ्गिक हिंसा प्रभावितहरुको एकीकृत व्यवस्थापनका लागि स्थानीय, प्रदेश तथा संघ सरकार, सम्बन्धित निकाय र संस्थाहरूबीच साझेदारी एवम् सहकार्य गर्ने ।
- लैङ्गिक हिंसा पीडित वा प्रभावितको सुरक्षा तथा गोपनीयता कायम राख्ने ।
- सरोकारवालाहरूको सहभागितामा आचारसंहिता तयार गरी सोको पालना गर्ने/गराउने ।

## परिच्छेदः ४
## सल्लाहकार तथा कोष व्यवस्थापन समिति, सञ्चालन समिति र यी समितिहरुको काम, कर्तव्य र अधिकार

**६. अल्पकालिन महिला सुरक्षित आवास गृह सल्लाहकार तथा कोष व्यवस्थापन समितिः**

अल्पकालिन महिला सुरक्षित आवास गृह/सेवा केन्द्रलाई आवश्यक निर्देशन, सल्लाह सुझाव, श्रोत संकलन तथा व्यवस्थापनका साथै अनुगमन तथा सुपरिभेक्षणको लागि देहाय बमोजिमको एक अल्पकालिन महिला सुरक्षित आवास गृह/सेवा केन्द्र सल्लाहकार तथा कोष व्यवस्थापन समिति रहनेछ ।

प्रमुख, जिल्ला समन्वय समिति........................................................संयोजक
जिल्ला समन्वय अधिकारी...............................................................सदस्य सचिव
१० वटै स्थानीय तहका उप-प्रमुख/उपाध्यक्षहरु.................................सदस्य
अधिकृत, जिल्ला प्रशासन कार्यालय.................................................सदस्य
प्रमुख प्रशासकिय अधिकृत, आवास गृह संचालित पालिका.................सदस्य
प्रमुख, सामाजिक विकास कार्यालय..................................................सदस्य
प्रतिनिधि, अस्पताल विकास समिति, बैतडी अस्पताल.........................सदस्य

आवश्यक्ता अनुसार अन्य निकाय, विकास साझेदार तथा विषय विज्ञलाई पनि आमन्त्रित गर्न सकिनेछ ।

खगेन्द्र सिंह धामी
प्रमुख

जिल्ला समन्वय समिति
बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७४

## ७. सल्लाहकार तथा कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:

अल्पकालिन महिला सुरक्षित अवास गृहको दिर्घकालिन सञ्चालनका लागि कोष संकलन, व्यवस्थापन र संरक्षणका साथै नियमित अनुगमन, निरिक्षण र मापदण्ड अनुसार सञ्चालन तथा आवश्यक सहजीकरणका लागि सल्लाहकार तथा कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

- अल्पकालिन महिला सुरक्षित अवास गृह सञ्चालनका लागि नीतिगत मार्गदर्शन, समन्वय र संरक्षण गर्ने ।
- अल्पकालिन महिला सुरक्षित अवास गृह सञ्चालनका १० वटै पालिकाहरुको समन्वयमा आवश्यक कोष संकलन गरी व्यवस्थापन तथा सञ्चालन गर्ने ।
- लैङ्गिक हिंसाको वहुपक्षीय प्रतिकार्यका लागि सहयोगि निकाय तथा साझेदार संस्थाहरुसँग पनि वित्तिय श्रोत संकलन गर्न पहल गर्ने ।
- अल्पकालिन महिला सुरक्षित अवास गृह सञ्चालनको मापदण्ड, सञ्चालन तथा व्यवस्थापन कार्यविधिले तोके बमोजिम भए नभएको हेर्ने र आवश्यक परेमा थप मापदण्ड निर्धारण गर्ने ।
- अल्पकालिन महिला सुरक्षित अवासगृह सञ्चालन गर्नका लागि आवश्यक प्राविधिक सहयोग तथा क्षमता विकास गर्न अन्य निकायको आवश्यक सहयोगका लागि पहल गर्ने ।
- लैङ्गिक हिंसा प्रभावितहरुको दिर्घकालिन पुर्नस्थापनाका लागि आवश्यक समन्वय तथा सहजिकरण गर्ने ।
- लैङ्गिक हिंसा प्रभावितहरुलाई प्रभावित केन्द्रीत गुणस्तरीय सेवा प्रवाहका लागि वहुपक्षीय निकायहरुको सकृयता तथा समन्वयलाई बलियो बनाउन सहजिकरण गर्ने ।

## ८. अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालन समिति

अल्पकालिन महिला सुरक्षित आवास गृहको दैनिक सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक अल्पकालिन महिला सुरक्षित आवास गृह/सेवा केन्द्र सञ्चालन समिति रहनेछ ,

१. अल्पकालिन महिला सुरक्षित आवास गृह संचालन गर्ने स्थानीय तहको उप प्रमुख/उपाध्यक्ष..........संयोजक
२. प्रमुख प्रशाकिय अधिकृत, सम्बन्धित स्थानिय तह..........सदस्य
४. प्रमुख/प्रतिनिधी, जिल्ला प्रहरी कार्यालय/इलाका प्रहरी कार्यालय.......... सदस्य
५. प्रतिनिधी, जिल्ला बार एसोसीएसन ..........सदस्य
६. प्रमुख/संयोजक, गैरसरकारी संस्थ ..........सदस्य
७. मनोविर्मशकर्ता संयोजक, अल्पकालिन महिला सुरक्षित आवास गृह ..........सदस्य
८. प्रमुख, सामाजिक विकास कार्यालय..........सदस्य
९. प्रमुख, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, सम्बन्धित स्थानिय तह .....सदस्य सचिव

आवश्यकता अनुसार अन्य सम्बन्धित निकाय, पालिका प्रतिनीधी तथा विषय विज्ञलाई आमन्त्रित गर्न सकिने छ ।

जिल्ला समन्वय समिति
बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७४

खगेन्द्र सिंह धामी
प्रमुख

## ९. अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालन समितिको काम, कर्तव्य र अधिकार

अल्पकालिन महिला सुरक्षित अवासगृहको नियमित सञ्चालन र व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न र प्रभावित-मैत्री सेवा प्रवाह सुनिश्चित गर्न सञ्चालन समितिको काम कर्तव्य र अधिकार यस प्रकारका हुनेछन।

- अल्पकालिन महिला सुरक्षित अवास गृहको नियमित सञ्चालन र व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न कार्यक्रम, बजेट तथा योजना निर्माण गरी मापदण्ड अनुसार सेवा सञ्चालनका लागि आवश्यक सहयोग, सहजीकरण र स्वीकृतका लागि सल्लाहकार तथा कोष व्यवस्थापन समिति समक्ष पेश गर्ने ।
- अल्पकालिन महिला सुरक्षित अवास गृह सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने।
- मासिक रुपमा समिक्षा बैठक बसी लैङ्गिक हिंसा प्रभावितको व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्ने ।
- लैङ्गिक हिंसा प्रभावितहरुलाई प्रभावित केन्द्रित पद्धति मार्फत गुणस्तरीय सेवा प्रवाह गर्नका लागि सहजिकरण गर्ने ।
- मामला व्यवस्थापनको निर्दिष्ट प्रकृया वमोजिम लैङ्गिक हिंसा प्रभावितहरुको घटनालाई व्यवस्थापन गर्ने ।
- अल्पकालिन महिला सुरक्षित अवासगृह/सेवा केन्द्र मार्फत गरिएको सेवा प्रवाहको व्यवस्थित अभिलेखिकरण गरी मासिक र त्रैमासिक प्रगति प्रतिवेदन सल्लाहकार तथा कोष व्यवस्थापन समिति र अन्य सम्वन्धित निकायहरुमा पेश गर्ने ।
- लैङ्गिक हिंसा प्रभावितहरुको कानुनी सहायता, स्वास्थ्यं उपचार, दिर्घकालिन पुनर्स्थापना गर्नका लागि सम्वन्धित निकायमा समन्वय सहजिकरण तथा प्रेषण गर्ने ।
- लैङ्गिक हिंसा प्रभावित बालबालिका तथा प्रभावितका आश्रित बालबालिकाहरुको शिक्षा तथा संरक्षणमा सहयोगका लागि सम्बन्धित निकायमा समन्वय, सहजिकरण तथा प्रेषण गर्ने ।
- लैङ्गिक हिंसा प्रभावितलाई पुर्नःस्थापना अर्न्तगत जीविकोपार्जनका लागि वीऊ पुंजी, सीपमुलक तालिम, तथा उद्यमशिलता तथा क्षमता विकासका लागि सहयोग गर्ने ।
- अल्पकालिन महिला सुरक्षित अवासगृह/सेवा केन्द्रको नियमित कार्यको अनुगमन तथा निरिक्षण गरी मापदण्ड अनुसार सञ्चालन भए नभएको हेरी सो अनुरुप गर्न लगाउने ।
- अल्पकालिन महिला सुरक्षित अवासगृह/सेवा केन्द्र सञ्चालनमा भएको कार्यक्रमको खर्च रकम तथा सोको स्वीकृतीका लागि तथा सल्लाहकार तथा कोष व्यवस्थापन समितिमा पेश गर्ने ।
- वार्षिक लेखापरीक्षण गरि सल्लाहकार तथा कोष व्यवस्थापन समितिमा प्रतिवेदन पेश गर्ने ।

## १०. कार्य जिम्मेवारी :

अल्पकालिन महिला सुरक्षित आवास गृहको कार्य जिम्मेवारीहरु देहाय बमोजिमका हुनेछन्:

क) निर्धारित प्रक्रियाबाट हिंसा प्रभावित महिला तथा बालबालिकाका लागि स्वीकृत मापदण्ड मुताबिकको खाने बस्ने व्यवस्था सहितको अल्पकालिन महिला सुरक्षित आवासगृह सञ्चालन गर्ने ।

ख) उपदफा (क) बमोजिम आश्रित हिंसा प्रभावित महिला, किशोरी र बालबालिकाको अवस्था अनुसार निजलाई निम्न बमोजिम सेवाहरु प्रदान गर्ने ।

नगेन्द्र सिंह धामी
प्रमुख

जिल्ला समन्वय समिति
बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७४

- अल्पकालिन आश्रय सेवा,
- हिंसा प्रभावितलाई आवास, खानेकुरा र लुगाफाटो व्यवस्था,
- मनोपरामर्श सेवा,
- स्वास्थ्योपचार,
- कानुनी सहायता सेवा,
- यातायात खर्च,
- हिंसा प्रभावित महिलाको अवस्था अनुसार थप सहयोगका लागि अन्य सेवा प्रदायक र संघ संस्थाहरुसँग समन्वय गरी सहयोगको लागि प्रेषण गर्ने ,
- हिंसा प्रभावित महिला तथा बालबालिकाको उद्धार र पुनःस्थापना,
- हिंसा प्रभावितलाई पुनःस्थापना अर्न्तगत जीविकोपार्जनका लागि सीपमुलक तालिम, क्षमता विकास, वीऊ पुँजी र प्रविधि हस्तान्तरण, बालबालिका लागि शिक्षा, व्यवसायिक तालिम, तालिम अवधिभरका लागि खाना बस्न लाग्ने खर्च व्यवस्थापन गर्ने
- लैंङ्गिक हिंसा प्रभावितहरुलाई आश्रय अवधिभर विभिन्न क्षमता विकास तथा सचेतना
- सल्लाहकार तथा व्यवस्थापन समितिले तोकेका अन्य सेवाहरु

ग) लैंङ्गिक हिंसाबाट प्रभावित भई घरपरिवार तथा समाजमा बस्न असुरक्षित भएमा र प्रभावितले आश्रय सेवा माग गरेमा वा संरक्षणको आवश्यकता देखिएमा दफा १० को उप दफा ख बमोजिमका सेवा प्रदान गर्ने ।

घ) सेवा प्राप्त हिंसा प्रभावित महिलालाई हकभोग, पारिवारिक पुर्नमिलन, बैकल्पिक पुर्नस्थापनाका लागि प्रभावितलाई सम्बन्धित सम्प्रेषक निकायमा समन्वय गरि पठाउने ।

ङ) लैंङ्गिक हिंसा प्रभावितलाई पारिवारिक पुर्नमिलन गराई हकभोग दिलाउने तथा घटनाको पुर्नबृत्ति नहोस भनि, पारिवारिक परामर्श, निगरा तथा अनुगमन गर्ने ।

च) स्थानीय तहहरु र सरोकारवाला संघ संस्थाहरुसँग सहकार्यका लागि निरन्तर सम्पर्क समन्वय गर्ने ।

छ) अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्र व्यवस्थापनका जनशक्तिले मासिक, त्रैमासिक, चौमासिक र बार्षिक प्रगती एवं बित्तिय प्रगति प्रतिवेदन तयार गरी सञ्चालन समितिमा पेश गर्ने ।

ज) प्रचलित कानून बमोजिम न्याय प्राप्त गर्ने शिलसिलामा तत्काल गर्नूपर्ने कार्य, सुरक्षित राख्नुपर्ने प्रमाण र उपचारबारे हिंसा प्रभावित महिलालाई परामर्श दिनुका साथै आवश्यकता अनुसार त्यसमा मद्दत गर्ने ।

झ) पारिवारिक पुर्नमिलनको प्रयत्न फलदायी नभएको तथा गरिखाने आधार केहि पनि नभएको हिंसा प्रभावित महिलाका हकमा जिविकोपार्जन अनुदानको रुपमा सीपमुलक तालिम, आयआर्जन गर्न बीऊ पूजी तथा आर्थिक सहायता उपलब्ध गराउन पहल गर्ने वा सो कार्यका लागि नगरपालिका तथा गाउँपालिकासँग समन्वय गरी सो पालिकामा रहेको लैंङ्गिक हिंसा निवारणकोषबाट सहयोग दिलाउने ।

ञ) अल्पकालिन महिला सुरक्षित आवासगृह/सेवा केन्द्रको उद्देश्य प्राप्ति तथा सोको शिलसिलामा आवश्यक भएमा सञ्चालक समितिले तोकेका अन्य कार्य गर्ने ।

जिल्ला समन्वय समिति
बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७४

प्रमुख

## ११. सेवा लिने प्रक्रिया:

(क) हिंसा प्रभावित महिलाको मौखिक वा लिखित निवेदन ।

(ख) सेवाक्षेत्र भित्रका वडा कार्यालय, नगरपालिका/गाउँपालिका, स्वास्थ्य चौकी, अस्पताल, प्रहरी कार्यालय, अदालत, प्रशासन, सरकारी तथा गैह्रसरकारी निकायको तर्फबाट आएको भएमा प्रेषण पत्र । प्रेषण गर्दा प्रेषकको तर्फबाट सेवाकेन्द्रमा सिफारिस गर्दा कुन कुन सेवाका लागि हो जनाउनु पर्दछ र हिंसा प्रभावित महिलासँगै बालबालिका पनि भए उनीहरुको विवरण समेत खुलाउनु पर्दछ । प्रेषण गर्दा वा फिर्ता सम्प्रेषण गर्दा हिंसा प्रभावित महिलालाई एक्लै पठाउनु हुँदैन । सामान्यतया १ जना र गम्भीर चोटपटक लागेको भए दुई जनासम्म साथमा पठाउनु पर्दछ । साथै साथी दिई पठाएका व्यक्तिको विवरण समेत सम्प्रेषण गर्दा खुलाउनु पर्दछ ।

## १२. अल्पकालिन महिला सुरक्षित आवास गृहमा आश्रय दिन सकिने अवधी:

अल्पकालिन महिला सुरक्षित आवास गृहमा हिंसा प्रभावितलाई देहायको अवधिसम्म राख्न सकिनेछ ।

- हिंसा प्रभावित महिलाका हकमा सेवा केन्द्र अर्न्तगत ३० दिनसम्म र विशेष अवस्थामा सञ्चालन समितिको निर्णय गरेको अवस्थामा थप १५ दिन गरी जम्मा ४५ दिन सुरक्षित अल्पकालिन आश्रयमा राख्न सकिनेछ ।
- अल्पकालिन महिला सुरक्षित आवास गृहको आश्रयमा हिंसा प्रभावित महिलालाई माथि उल्लेखित अवधिसम्म एकैपल्ट वा पटक पटक गरेर पनि राख्न सकिनेछ ।

# परिच्छेद: ६
# अल्पकालिन महिला सुरक्षित आवास गृहको सेवा र सेवा प्रवाह मापदण्ड

## १३. अल्पकालिन महिला सुरक्षित आवासगृहको न्युनतम मापदण्ड:

हिंसा प्रभावित महिलाका लागि आपतकालिन सेवा सञ्चालन गर्नका लागि आश्रय सेवा केन्द्रको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(क) **परिसर:** आवास गृह परिसर देहाय बमोजिम हुनुपर्दछ :

- घेरा पर्खालको व्यवस्था भएको
- खुला प्रशस्त ठाउँ भएको
- आवागमन नियन्त्रण गर्न सकिने गरी निर्माण गरिएको प्रवेशद्वर
- सुरक्षाका दृष्टिकोणले उपयुक्त स्थान

(ख) **आवास गृह:** हिंसा प्रभावितहरुलाई व्यवस्थित सेवा प्रवाह गर्न संचालित अल्पकालिन महिला सुरक्षित आवास गृहमा हिंसा प्रभावितहरुको लागि आवासको व्यवस्था गरिने छ । यस आवास गृहमा देहायका सुबिधा सम्पन्न हुनुपर्दछ ।

प्रमुख

जिल्ला समन्वय समिति बैतडी सुदूरपश्चिम प्रदेश नेपाल २०७४

- दुबै तर्फ झ्याल भएको
- प्रत्येकका लागि छुट्टा छुट्टै खाट
- हिंसा प्रभावित बालबालिकाका लागि अलग्गै बालमैत्री कोठाको व्यवस्था भएको
- भुईंमा उपयुक्त दच्छेना, झ्यालमा पर्दा र राखनधरनका लागि दराज, लेखापढी गर्न आवश्यक फर्निचर
- मनोसामाजिक विमर्श (Psycho-social Counseling) का लागि छुट्टै परामर्श कक्ष
- खाना बनाउन र प्रभावितलाई खाना खुवाउनका लागि छुट्टै भान्सा कक्ष
- मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साझा कक्ष (Common Room)
- शौचालय तथा स्नान कक्ष, स्रोत हेरी पर्याप्त पानी; नुवाइ-धुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, कलर कोडेड फोहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी, इत्यादि
- टेलिभिजन तथा मनोरञ्जन सामाग्रीहरु
- तल्लापिच्छे अग्नि नियन्त्रण उपकरण र सुरक्षाका लागि आवश्यकता अनुसार पालो पहरा
- अपांगमैत्री भौतिक संरचना र अपांगता सहायता सामाग्री
- भुकम्प प्रतिरोधी भौतिक संरचना
- आकस्मिक निकाशद्वार

(ग) **लुगाफाटो**: सेवा लिन बसेका प्रत्येक व्यक्तिका लागि देहायमा उल्लिखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ :

- दरी वा कम्मल, डसना, तकिया, सिरक, दोलाइँ, झुल, खोल चाहिनेमा खोलसमेत एक-एक थान ओड्ने ओछ्याउने विस्तरा;
- एक-एक जोर चप्पल र लुगाफाटो नभएकालाई एकसरो लगाउने लुगा ।

(घ) **खानेकुरा**: दैनिक खानेकुराको व्यवस्था सञ्चालन समितिले तोके बमोजिम निम्नानूसार हुनुपर्दछ :

- विहान चियासँगै हल्का खाजा;
- दिउँसो खाना;
- अपरान्ह पूर्ण खाजासँगै चिया;
- बेलुकी खाना;
- लामो समय (एक हप्ता भन्दा बढी) बस्नेका लागि मांसाहारीका लागि सातामा दुई पल्ट माछामासु तथा शाकाहारीका हकमा सोको मूल्य बराबरी दूध, दही, फलफूल र उमालेको वा अन्यथा शुद्धीकरण गरिएको खानेपानी ।

(ङ) **स्वास्थ्य उपचार**: सञ्चालक समितिले तोकेको अस्पतालमा संरक्षणमा लिइएका हिंसा प्रभावित महिलाको स्वास्थ्योपचार गराउनु पर्दछ साथै केन्द्रमा देहाय बमोजिम प्राथमिक उपचारको सुनिश्चित गर्नुपर्दछ :

- प्राथमिक उपचार बाकस;
- समस्या हेरी नियमित उपचार;
- गर्भवती, सुत्केरी तथा स्तनपान गराईरहेका महिला हरुकोलागि नियमित खोप तथा चेकजाँच;

खगेन्द्र सिंह धामी
प्रमुख

जिल्ला समन्वय समिति
बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७४

- आकस्मिक उपचार र बालबालिकाका हकमा उमेर अनुसार लगाउनुपर्ने खोप ।

(च) **मनोसामाजिक विमर्श**: सञ्चालन समितिले निर्धारण गरेको योग्यता हासिल गरेका कम्तिमा छ महिना विशेष तालिम प्राप्त अनुभवी मनोसामाजिक विमर्शकर्ता (Psychosocial counsellor) बाट देहाय बमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछः

- सेवालिन बसेका व्यक्ति प्रत्येकलाई सातामा कम्तिमा एकपल्ट नियमित सेवा;
- संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

(छ) **कानुनी सेवा**: देहायमा उल्लिखित कानूनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ :

- **प्रभावितले** न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा र प्रभावित महिलाले प्रचलित कानुन बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

(ज) **आचारसंहिता**: आवास गृहको सेवाहरूको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछः

- हिंसा प्रभावित महिला तथा बालिकालाई ममतामय, सहानुभूतिपूर्ण, सुरक्षित, अविभेदकारी एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचारसंहिता;
- हिंसा प्रभावित महिलाको पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छाविपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध;
- आवास गृहमा भेटघाट कक्ष भन्दा भित्र पस्ने र बस्ने अनुमति प्राप्त चिकित्सक, सफाइकर्मी लगायतका अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही र
- व्यवस्थापन तथा संचालन समितिले तोकेबमोजिम खोल्ने गरी आवास गृहमा उजुरीपेटिकाको व्यवस्था ।

(ज) **जनशक्तिः** आवास गृहमा महिलालाई प्राथमिकता दिई देहाय बमोजिमको प्रशिक्षित र अनुभवी जनशक्ति हुनेछन् :

१) मामला व्यवस्थापक/केन्द्र प्रमुखः एक जना

२) वाडेनः एक जना

३) मनोसामाजिक विमर्शकर्ताः १ जना

४) सुरक्षा गार्डः १ जना

५) भान्सेः १ जना

६) प्रभावितलाई सीप सिकाउने प्रशिक्षक (आंशिक): १ जना

७) कानुनी सल्लाह तथा परामर्शका लागि कानून अधिकृत (आंशिक): एक जना

यस अन्तरगत रहने जनशक्तिको कार्य विवरण अनुसुचि अनुसार हुनेछ ।

(झ) **अभिलेख**: आवास गृहमा देहायबमोजिम अभिलेख राख्नुपर्दछः

- हिंसा प्रभावित महिलाको निवेदन रेकर्ड फाइल

राजेन्द्र सिंह धामी
प्रमुख

जिल्ला समन्वय समिति
बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७४

- हिंसा प्रभावित महिलाको नाम दर्ता किताव;
- संरक्षित व्यक्तिको दैनिक हाजिरी किताव;
- हिंसा प्रभावित व्यक्तिहरुसँग सेवा लिन आउदा उनीसँग भएको सामानको लगत तथा सुरक्षणका लागि दुई पक्षको लिखत कागज, यदि प्रभावित लेखपढ गर्न नसक्ने भएमा प्रभावितको पहिचानको व्यक्तिको उपस्थिति सहित विवरण खुल्ने गरी लिखत तथा तस्विर ।
- हिंसा प्रभावित महिलाको व्यक्तिगत गोप्य फाइल;
- स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र व्यवस्थापन समितिले तोकेको अन्य अभिलेख ।
- दोहोरो लेखा प्रणालीमा महिला सुरक्षित आवास गृह/सेवा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात; कार्य प्रगति प्रतिवेदन (मासिक, त्रैमासिक, चौमासिक र बार्षिक)
- सल्लाहकार तथा कोष व्यवस्थापन र सञ्चालन समितिको निर्णय किताव;

## परिच्छेद:७

## अल्पकालिन महिला सुरक्षित आवास गृहको खर्च मानक र भुक्तानी

**१४. कार्यविधिका क्षेत्र तथा खर्च (सहयोग) मानक:**
अल्पकालिन महिला सुरक्षित आवासगृहबाट सेवा प्रदान गर्दा सल्लाहकार तथा कोष व्यवस्थापन समितिले विनियोजन बजेट देहाय बमोजिमको सिमाभित्र रहेर खर्च गर्नु पर्दछ ।

**१४.१ घर भाडा:** महिला सुरक्षित आवासगृहको आफ्नो भवन भएमा सो भवनमा वा नभएमा भाडामा सञ्चालन गर्न सकिने छ ।

**१४.२ माल सामान:** डसना, पर्दा, खाट, बिस्तरा, भाँडाकुडी, टेलिभिजन, फर्निचर, लगायतका स्थापनाका लागी आवश्यक गुणस्तरीय मालसामान मध्य हाल फेर्नु वा थप गर्नुपर्ने । शैया क्षमता समेतको विचार गरी साधारणतया शुरुवात रु २ लाख ननाघ्ने गरी सञ्चालन समितिले औचित्यका आधारमा स्वीकृत गरेको रकम ।

**१४.३. लुगाफाटो**
(क) हिंसा प्रभावित महिलाको कपडा च्यातिएर, रगताम्मे भएर वा एकसरो मात्र भएर जाडोले लुगलुग काम्ने अवस्था भएकोमा न्यूनतम रूपमा नभइनहुने धोती, चोलो, चप्पल-जुत्ता, पछ्यौरा, स्वीटर, ओडने लगायतका लुगाफाटो किन्न प्रतिव्यक्ति खास गरी यस स्थानको चालचलन अनुसार एक पटकलाई बढीमा रु ३०००।०० सम्मको अति आवस्यक लुगाकपडा किन्न सकिने छ ।
(ख) हिंसा प्रभावित महिलासँग स-साना नानीहरु भएको खण्डमा जनही मौषम अनुसार आवश्यक लुगाकपडा रु १५००।०० मा नवढाई खर्च गर्न सकिने छ । यी सबैको फाँटवारी दुरुस्त राखी समितिमा पेश गर्नु पर्नेछ ।

**१४.४. खाना**

प्रमुख
जिल्ला समन्वय समिति बैतडी सुदूरपश्चिम प्रदेश नेपाल २०७४

(क) दैनिक खानेकुराको व्यवस्था तोकेबमोजिम आवास गृह/सेवा केन्द्रभित्रबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्दछ:

- बिहानको चियासँग हल्का खाजा,
- विहानको खाना,
- अपरान्ह पूर्ण खाजासँगै चिया,
- बेलुकी खाना,
- उमालेको वा अन्यथा शुद्धीकरण गरिएको खानेपानी ।

(ख) प्रति व्यक्ति दैनिक रु ३५० वराबरको खाना उपलब्ध गराईने छ । कुरुवाको हकमा अल्पकालिन महिला सुरक्षित आवास गृहमा प्रभावित व्यक्ति भएको खण्डमा मात्र खाना उपलब्ध गराईने छ । यस्तो खाना खादा प्रभावीत सरह र मितव्ययीताको सिद्धान्तलाई आत्मसाथ गर्नु पर्नेछ ।
(ग) दुधेवालकको हकमा गुणस्तरीय व्राण्डको पोशिलो खाने कुरा उपलब्ध गराईनेछ र स्थानीयस्तरको परमपारिक खानेकुरा जस्तै: लिटो वनाई स्थानीय स्तरका पोषणयुक्त खानेकुरालाई प्राथमिकता दिनु पर्नेछ ।

**१४.५. औषधोपचार:** समन्वय निर्देशन वा व्यवस्थापन समितिले तोकेको अस्पतालमा उपचार गराउँदा (विरामी तथा कुरुवा समेतको जोडेर) निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च अस्पतालमा आधारीत एक द्वार संकट व्यवस्पान केन्द्रले दिने निशुल्क औषधोपचार: सेवा बाहेक

- प्राथमिक औषधोपचारको हकमा हिंसा प्रभावित महिलालाई लागेको चोटपटकको तत्काल प्राथमिक उपचार गर्न प्रतिव्यक्ति रु. १००० सम्म लागेको यथार्थ खर्च व्यहोरिने छ ।
- अल्पकालिन महिला सुरक्षित आवास गृह्रको आश्रयमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्चबापत जम्मा रु. ६,००० सम्म;
- अस्पतालमै भर्ना भई उपचार गराउँदा, पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्चबापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ५०० गरी जम्मा रु. ७,५०० सम्म;
- विशेष अवस्थामा व्यवस्थापन समितिले विशेष निर्णय गरेमा थप रु ५००० सम्म ।

**१४.६. कानुनी उपचार:** एक जना साथीसमेत अड्डा-अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवाबापत साथीसमेतको जोडेरे निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च:

- सामान्य अवस्थामा प्रतिव्यक्ति रु. २,५०० सम्म;
- विशेष अवस्थामा व्यवस्थापन समितिले विशेष निर्णय गरेकोमा थप रु. ५,००० सम्म;
- फिर्ता सम्प्रेषण: फिर्ता सम्प्रेषण गर्दा साथीसमेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्चबापत प्रतिव्यक्ति रु. १०० र बास बस्नुपर्नेमा बस्नेखाने खर्चबापत प्रतिव्यक्ति दैनिक रु. ५०० दिईनेछ ।

प्रमुख

जिल्ला समन्वय समिति बैतडी सुदूरपश्चिम प्रदेश नेपाल २०७४

**१४.७. मनोसामाजिक विमर्श:**
हिंसा प्रभावित महिलालाई आवश्यक मनोसामाजिक विमर्श सेवा मनोसामाजिक विमर्शाकर्तावाट आवशयकता अनुसार निशुल्क अनिवार्य रुपमा सेवा प्रदान गरिनेछ ।

**१४.८ फिर्ता सम्प्रेषण:** फिर्ता सम्प्रेषण गर्दा साथी समेतको मितब्ययी सवारी साधनको भाडा तथा एकै दिन पुग्नेमा खाजा खर्च बापत प्रतिव्यक्ति २००।, बास बस्न परेमा बस्ने खाने खर्च बापत प्रतिव्यक्ति दैनिक रु ५००। र गाडी भाडा ठाउँ हेरेर लाग्ने खर्च अधिकतम रु १५००। सम्म प्रदान गरिनेछ ।

**१४.९. बैठक खर्च:** सल्लाहकार तथा कोष व्यवस्थापन र सञ्चालन समितिको बैठक सञ्चालन तथा खाजा खर्च बापत अधिकतम प्रति व्यक्ति रु २०० खर्च गर्न सकिने छ ।

**१४.१०. जीविकोपार्जन अनुदान:** जीविकोपार्जन अनुदानबापत प्रति व्यक्ति वा परिवार वढीमा र सल्लाहकार तथा कोष व्यवस्थापन समितिको सल्लाह तथा सञ्चालन समितिको निर्णय अनुसार रु. २५ हजार ननाघ्ने गरी सम्बन्धित पालिकाको बार्षिक विनियोजित बजेट र अन्य स्थानीय तह तथा साभेदारको परियोजनालाई मध्ये नजर गरी समन्वय निर्देशन तथा व्यवस्थापन समितिले उपलब्ध स्रोत समेतको विचार गरी सहयोग प्रदान गर्ने सक्ने छ ।

## १४.११ व्यवस्थापन खर्च:

- **जनशक्ति:** मामला व्यवस्थापक तथा प्रमुखको मासिक पारिश्रमिक रु. ३५००० , वाडेनको मासिक पारिश्रमिक रु. ३२,८७६ , मनोविमर्शकर्ताको मासिक पारिश्रमिक रु. ३३,७१९ , गार्ड तथा भान्सेको मासिक पारिश्रमिक रु.२५,५९३, सीप प्रशिक्षकको(अंशक) मासिक पारिश्रमिक रु. २०,००० र कानून परामर्शकर्ताको मासिक पारिश्रमिक रु. २०,००० रहने तथा सो पारिश्रमिकमा संचयकोष, उपदान, दशै खर्च समेत यसै भित्र समावेश गरिने । सबै कर्मचारीलाई श्रोत उपलब्धताका आधारमा थप सुविधामा सुरक्षा जीवनविमा, तथा संचार खर्च उपलब्ध गरिनेछ बढी एकमुष्ट १५ लाख ननाघने गरी । आवश्यकताको आधारमा प्रति बर्ष प्रचलित नियम अनुसार तलब बढाउन सकिने छ ।
- **व्यवस्थापन तथा सञ्चालन खर्च:** संचार टेलिफोन, इन्टरनेट, स्टेशनरी, विजुली, पानी, प्रतिबेदन, टि.भी. चार्जर, ग्याँस, सरसफाईका सामग्रीहरु, सुरक्षित आवासगृहको प्रगती समिक्षा, निर्देशन समिति तथा व्यवस्थापन संचालन समितिको बैठक, अनुगमन र सेवा केन्द्रका गतिबिधि समेतको खर्च बापतका लागी रु ३ लाख ननाघने पुष्ट्याईका आधारमा औचित्य समेत हेरी व्यवस्थापन समितिको निर्णय र स्वीकृत गरेको एकमुष्ट रकम ।

खगेन्द्र सिंह धामी
प्रमुख

जिल्ला समन्वय समिति बैतडी सुदूरपश्चिम प्रदेश नेपाल २०७४

**१५. श्रोत संकलन**

क) बैतडी जिल्लाका सबै स्थानीय तहहरुबाट प्रत्येक आर्थिक बर्षमा न्यूनतम २,५०,००० कोषको रुपमा र अल्पकालिन महिला सुरक्षित आवास गृहबाट सेवा पाएका सम्बन्धित स्थानीय तहका प्रति प्रभावित रु.१५०० का दरले प्रति दिन हुन आउने रकम समेत थप गरि उपलब्ध गराउनु पर्नेछ, सम्बन्धीत सुरक्षित आवास गृह भएको पालिकाले भवन व्यवस्थापनको जिम्मेवारी हुनेछ । अन्य पालिकाले भवनको थप व्यवस्थापन, मर्मत, सुधारमा सहयोग गर्न सक्ने छन ।

ख) प्रदेश तथा संघबाट प्रदान गरिएको आर्थिक श्रोत

ग) सहयोगी निकाय तथा विकास साझेदारबाट उपलब्ध श्रोत

घ) नीजि संघ संस्थाहरुवाट उपलव्ध श्रोत तथा अन्य श्रोत

ङ) दान रकम

**१६. बैंक खाता सञ्चालन**

अल्पकालिन महिला सुरक्षित आवासगृह सञ्चालन तथा व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त 'क' बर्गको बैकमा छुट्टै बैंक खाता खोली संचालन गरिनेछ । सो खाताको नाम "महिला सुरक्षित आवास गृह संचालन कोष" रहने छ । बैंकको खाता जिल्ला समन्वय समितिको प्रतिनिधी, आवस गृह संचालनमा रहेको पालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख वा प्रतिनीधी र अल्पकालिन महिला सुरक्षित आवास गृह्र हेर्ने प्रमुख संयोजक स्तरको कर्मचारी गरी तिन जनाको संयुक्त दस्तखतबाट संचालन हुनेछ । कुनै दुई व्यक्तीको हस्ताक्षर बाट खाता संचालन गर्न सकिने छ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था पालिकाको महिला बालबालिका तथा जेष्ठ नागरीक शाखाको हुने छ ।

**१७. रकम फ्रिज नहुने**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्तयमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१८.कोषको लेखा र लेखापरीक्षण**

कोषको आयव्ययको लेखा स्थानिय सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिने छ ।

**१९. छाप**

महिला सुरक्षित आवास गृहको छापको नमुना ........

खगेन्द्र सिंह धामी

## अनुसुची १

१.१. अल्पकालिन महिला सुरक्षित आवास गृहले राख्नुपर्ने हिंसा प्रभावितको विवरण अभिलेखहरु:

- हिंसा प्रभावित महिलाको निवेदन रेकर्ड फाइल
- हिंसा प्रभावित महिलाको नाम दर्ता किताव;
- संरक्षित व्यक्तिको दैनिक हाजिरी किताव;
- हिंसा प्रभावित व्यक्तिहरुसँग सेवा लिन आउदा उनीसँग भएको सामानको लगत तथा सुरक्षणका लागि दुई पक्षको लिखत कागज, यदि प्रभावित लेखपढ गर्न नसक्ने भएमा प्रभावितको पहिचानको व्यक्तिको उपस्थिति सहित विवरण खुल्ने गरी लिखत तथा तस्विर ।
- हिंसा प्रभावित महिलाको व्यक्तिगत गोप्य फाइल;
- स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र व्यवस्थापन समितिले तोकेको अन्य अभिलेख ।

१.२. प्रभावितलाई बुझेर लगेको विवरण

१.३. अल्पकालिन महिला सुरक्षित आवास गृह केन्द्रको दैनिक कर्मचारी हाजिरी

१.४. खर्च विवरण: दोहोरो लेखा प्रणालीमा महिला सुरक्षित आवास गृहको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात; कार्य प्रगति प्रतिवेदन (मासिक, त्रैमासिक, चौमासिक र बार्षिक)

१.५. सल्लाहकार तथा कोष व्यवस्थापन समिति र सञ्चालन समितिबाट हुने अनुगमनको फारम

नगेन्द्र सिंह धामी
प्रमुख

## अनुसुची २

अल्पकालिन महिला सुरक्षित आवासगृहको कर्मचारीहरुको कार्यविवरण:

**२.१.पद : मनोसामाजिक मनोविमर्शकर्ता**

---

**मनोसामाजिक मनोविमर्शकर्ताको मुख्य काम, कर्तव्य र जिम्मेवारीहरु**

**मनोसामाजिक मनोविमर्शकर्ताको प्रमुख कार्य**

लैगिंक तथा महिला हिंसाबाट प्रभावित भएका महिला तथा बालिकाहरुलाई मनोविमर्श सेवाप्रदान गर्ने, हिंसा प्रभावित महिलाका समस्याको उचित तवरले पहिचान, कस्तो खालको सेवा र सहयोग चाहिने हो, प्रमुख, वाडेन तथा व्यवस्थापन संचालन समितिलाई सिफारीस गर्ने र घटना व्यवस्थापनमा सहयोग गर्ने एवं सामुदायिक मनोसामाजिक कार्यकर्ताको सुपरिवेक्षण गर्ने हो ।

**क) महिला सुरक्षित आवासगृह/सेवाकेन्द्र (Safe house) मा गर्नु पर्ने मुख्य काम, कर्तव्य र जिम्मेवारीहरु:**

- सेवा केन्द्रमा हिंसा प्रभावित महिलाको सुरक्षा, गोपनियता, सम्मान तथा अधिकार र विभेद रहित व्यवहारको वातावरण सृजना गर्ने ।
- लैङ्गिक हिंसा प्रभावित महिलालाई मनोसाामाजिक मनोविमर्श सेवा प्रदान गर्ने ।
- घटना व्यवस्थापकको रुपमा प्रभावित व्यक्तिको समस्या पहिचान गर्ने, समस्या हल गर्नका लागि कार्य योजना तयार साथै कायान्वयन गर्ने, केशको अनुगमन गर्ने र प्रभावित व्यक्तिलाई कस्तो खालको सेवा र सहायताको आवश्यक्ता भए नभएको निर्धारण गर्ने र यदि थप कुनै सहायता नभएको वा नचाहेको खण्डमा केशलाई बन्द गर्ने । भविष्यमा यदि बन्द भई सकेको प्रभावितको केश पुन खोल्नुपर्ने भएमा सोको व्यवस्था गर्ने ।
- प्रभावित व्यक्तिको आवश्यक्तालाई ध्यानमा राखेर सेवाप्रदायक संस्थाहरुको स्रोत नक्सांकन गर्ने (स्वास्थ्य, कानुन, एकद्वर संकट व्यवस्थापन केन्द्र, स्थानिय तहहरु आदि) र समन्वय गर्न महिला सुरक्षित आवास गृह व्यवस्थापन तथा संचालन समितिलाई सहयोग गर्ने ।
- सेवाप्रदायक संस्थाहरुबीच राम्रो समन्वय र सहकार्य गरि हिंसा प्रभावितलाई सेवामा पहुँच पुराउने ।
- सेवा केन्द्रमा आएका सेवाग्राहिको मनोविमर्श सम्वन्धी साथै अन्य फाराम सुरक्षित राख्ने र अभिलेख राख्ने ।
- आवास गृहमा आएका सेवाग्राहिहरुलाई थप सेवा तथा पुर्नस्थापनाका लागि आवश्यकता अनुसार प्रेषण गर्ने संस्थाहरुको पहिचान गरि समन्वय तथा रिफर गर्न महिला सुरक्षित आवास गृहलाई सहयोग गर्ने ।
- कार्यालय र पीडितका कुराहरु गोप्य र गोपनीयता कायम गर्नुपर्ने ।
- महिला सुरक्षित आवास गृहको आचार संहितालाई पूर्ण पालना गर्नुपर्ने ।

**ख) सामुदायिक मनोसामाजिक कार्यकताको सुपरिवेक्षण**

- प्रत्येक सातामा  सामुदायिक मनोसामाजिक कार्यकर्तालाई टेलिफोन मार्फत सुपरिवेक्षण तथा रिर्पोटिंग गर्ने ।
- मनोसामाजिक कार्यकर्तामार्फत आएका केशलाई सम्वोधन गर्ने ।

[stamp: ...न्द्र सिंह धामी, प्रमुख] [seal: जिल्ला समन्वय समिति, कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल, २०७४]

- सेवाकेन्द्र नजिकैको गाउँपालिका र नगरपालिकामा सामुदायिक मनोसामाजिक कार्यकर्ताले अभिमुखिकरण कार्यक्रम चलाउँदा अनुगमनमा जाने तथा प्राविधिक सहयोग पुराउने ।
- प्रत्येक महिनाको अन्तिम हप्ता मनोसामाजिक कार्यकर्ताहरुसंग बैठक वसी कार्यक्रमको प्रगति, सिकाई तथा चुनौतीको बारेमा छलफल गरी सम्वोधन गर्ने साथै रिपोर्ट संकलन गर्ने मासिक प्रतिवेदन तयार गर्ने ।

**ग) समुदायस्तरमा**

- समुदाय स्तरमा भेटिएका लैंगिक/महिला हिंसा र मनोसामाजिक समस्या भएका घटनाको व्यवस्थापन गर्ने ।
- आवश्यकता अनुसार समुदायमा, लैङ्गिक हिंसाको कारण मनोसामाजिक समस्या भएको व्यक्ति, समुहलाई घुम्ती मनोसमाजिक सेवा प्रदान गर्ने वा सम्बन्धित विषयमा अभिमुखिकरण कार्यक्रम चलाउने ।
- जिल्ला स्तरीय र स्थानीय तहमा आवश्यकता अनुसार मनोसामाजिक तथा महिला हिंसालाई कम गर्न तालिम र बैठक संचालनगर्ने ।
- गाउँपालिका,नगरपालिका तथा वडा कार्यालयहरुसँग समन्वय गरि सेवा ग्राहिहरुलाई थप सेवा प्राप्ति मा चाहिने Legal documents तयार पार्न सहयोग गर्ने ।

**घ) रिपोर्टिङ**

- काम गर्दा कठिनाइ आइपरेमा सेवा केन्द्रका प्रमुख ,व्यवस्थापन संचालन समिति, आर्थिक एवं प्राविधिक सहयोग गर्ने संस्थाको परामर्श अनुसार अघि वढ्ने।
- सेवा केन्द्र मनोविमर्श र मनोसामाजिक कार्यकर्ताको मासिक र त्रैमासिक रिपोर्ट र घटना समेत तयार गरी महिला सुरक्षित आवासगृह प्रमुख, व्यवस्थापन संचालन समितिलाई पेश गर्ने र आवश्यकता अनुसार आर्थिक एवं प्राविधिक सहयोग गर्ने साझेदार संस्थालाई पठाउने ।

ङ.**योग्यता र अनुभव:**

| | |
|---|---|
| **शैक्षिक** | कम्तिमा १२ कक्षा उर्त्तीण वा वि.एड निरन्तर |
| **अनुभव** | महिला हक अधिकार, महिला सशक्तिकरण र लैंगिक सवालमा तथा लैंगिक हिंसा पीडितलाई मनोसामाजिक परामर्श, अधिकार आधारित विकास पद्धतिमा काम गरेको कम्तीमा दुई वर्षको अनुभव भएको महिला । |
| **ज्ञान तथासिप** | ●नेपालको सन्दर्भमा महिला सम्वन्धी सामाजिक, आर्थिक, कानुनी तथा राजनैतिक अवस्था सम्बन्धि राम्रो ज्ञान भएको; तत्कालिन बिध्यमान लैंगिकतामा आधारित हिंसा र घरेलु हिंसा सम्वन्धी सवाल वा मुद्दा सम्बन्धि ज्ञान भएको ।<br>●महिला हिंसा पीडितको पैरवी, वकालत सम्वन्धी लामो अनुभव र मनोसामाजिक परामर्श सम्वन्धी तालिम लिई परामर्श तथा सल्लाह दिने दक्षता भएको ।<br>●प्रतिवेदन लेखन सम्बन्धि ज्ञान भएको । |
| **व्यक्तिगत गुण** | ●सुरक्षित आवास गृहमा बसेर कार्य गर्न सक्ने वचनवद्ध हुनु ।<br>●लैङ्गिक संवेदनशील<br>●समय दिन सक्ने । |

खगेन्द्र सिंह धामी
प्रमुख

जिल्ला समन्वय समिति
बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७४

| | |
|---|---|

## २.२. पदः वार्डेन

### पदको उद्देश्य
महिला सुरक्षित आवासगृह मार्फत विषेश गरि लैंगिक हिंसा पीडित र घरेलु हिंसा पीडित प्रभावित महिलाका हनन भएका अधिकारहरुमा न्याय दिलाउन तत्काल संरक्षण गर्ने, न्याय दिलाउने र उनकै पक्षमा पारिवारिक मेलमिलाप कायम गराउन महिला सुरक्षित आवासगृह तथा व्यवस्थापक प्रमुखलाई सहयोग गर्ने ।

### क. मुख्य कार्य र जिम्मेवारी
- महिला सुरक्षित आवास गृहमा र हिंसा प्रभावित महिलाको सुरक्षा, गोपनियता, सम्मान र विभेद रहित व्यवहारको वातावरण सृजना गर्ने ।
- महिला सुरक्षित आवास गृहको हिंसा प्रभावित महिलाहरुको खाना, बस्न, अन्य सेवा व्यवस्थापनको सम्पूर्ण कार्यभार सम्हाल्ने र महिला सुरक्षित आवास गृह तथा व्यवस्थापक प्रमुखलाई सहयोग गर्ने ।
- सुरक्षित आवास गृहमा खाना खाने, मनोविर्मश, उपचार र न्यायका लागि सेवा लिने समयको दैनिक कार्यतालिका बनाउन प्रमुखलाई सहयोग गरि प्रभावकारी कार्यान्वियन गर्ने ।
- सुरक्षित आवास गृहलाई निरन्तर व्यवस्थित रुपमा संचालन गर्न खाना, भान्सा तथा आवासको सामानहरु, सरसफाईहरु सामानहरु यथेष्ट भण्डार गरी राख्ने व्यवस्था गर्ने र रेखदेख गर्ने ।
- सेवाग्राहीले ल्याएको सामानको जिम्मेवारी लिने र भरपाई भराउने ।
- महिला सुरक्षित आवास गृह ,को गार्ड, मनोसामाजिक मनोविमर्शकर्ता र प्रमुख तथा घटना व्यवस्थापकप्रति सहयोगी भूमिका खेल्ने ।
- सेवाग्राहिको गोपनियताको हकप्रति सजग रहने ।
- सेवाग्राहिको सररफाई र व्यवहारगत कुराहरुको निरिक्षण गर्ने ।
- सेवाग्राहिलाई योजनाबद्ध ढंगले विभिन्न कियाकलापमा संलग्न गराउने ।
- महिला सुरक्षित आवास गृहमा आएका हिंसा पीडितका निवेदनहरुलाई दर्ता भएका सबै कुराको अभिलेखिकरण गर्ने ।
- लैंगिक हिंसा र घरेलु हिंसा पीडित महिलाहरुलाई सुरक्षित आवास गृह मार्फत उनीहरुका हक अधिकार दिलाउन न्यायका लागि आवासीय सेवा, मनोवैज्ञानिक परामर्श सेवा, कानूनी उपचार र औषधी उपचारमा सहयोग पुराउन व्यवस्था गर्ने ।
- लैंगिक हिंसा पीडित महिलालाई पुनः समुदाय तथा घरमा न्याय सहित पुनःस्थापना गराउने ।
- कार्यक्रम खर्च तथा प्रगतीको अभिलेख सुव्यवस्थित रुपमा राख्न महिला सुरक्षित आवासगृह प्रमुख तथा घटना व्यवस्थापकलाई सहयोग गर्ने ।
- महिला सुरक्षित आवास गृह्रमा गरिने कियाकलापको प्रतिवेदन तयार पारि सेफ हाउस प्रमुखलाई सहयोग गर्ने ।
- सेवाग्राहिहरुको व्यात्तिगत फाइल तयार पारि सेवाग्राहिको सेवा उपयोग उनीहरुमा आएको परिवर्तनको अपडेट तयार गर्ने ।
- आश्रितलाई बाहिर लैजाने, खाना बनाउने लगायत दैनिक सेवा संचालनसंग सम्बद्ध कार्यहरुमा सेवा केन्द्र गार्डलाई आवश्यक सहयोग गर्ने ।

- कार्यालय र पीडितका कुराहरु गोप्य र गोपनीयता कायम गने ।
- महिला सुरक्षित आवास गृहको आचार संहितालाई पूर्ण पालना गर्ने ।
- सबै तहमा स्वस्थ र सहयोगी वातावरणको निर्माण गर्ने ।

**ख. कार्यक्रमको प्रतिवेदन:**

- संचालित कार्यक्रमको प्रतिवेदन तयार गरी मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा महिला सुरक्षित आवास गृह प्रमुख तथा घटना व्यवस्थापकलाई रिर्पाट उपलब्ध गराउने ।
- सुरक्षित आवास गृहको क्रियाकलापहरुको जवाफदेहीता ।

**ग. योग्यता र अनुभव:**

| | |
|---|---|
| **शैक्षिक** | कम्तिमा एस.एलं.सी. उत्तीर्ण , १२ कक्षाउर्त्तीण वि.एड निरन्तर |
| **अनुभव** | महिला हक, अधिकार, महिला सशक्तिकरण र लैंगिक सवालमा, लैंगिक हिंसा, अधिकार आधारित विकास पद्धतिमा काम गरेको कम्तीमा दुई वर्षको अनुभव भएको महिला । |
| **ज्ञान तथा सिप** | ●नेपालको सन्दर्भमा महिला सम्वन्धी सामाजिक, आर्थिक, कानुनी तथा राजनैतिक अवस्था सम्बन्धि राम्रो ज्ञान भएको; साथै अधिकार मुखी शैलीको विकासको; तत्कालिन विद्ययमान लैंगिक हिंसा र घरेलु हिंसा सम्वन्धी सवाल वा मुद्दा सम्बन्धि ज्ञान भएको<br>●प्रतिवेदन लेखन सम्बन्धि ज्ञान भएको ।<br>●सञ्चार र प्रस्तुतिकरणमा दक्ष । |
| **ब्यक्तिगत गुण** | ● सुरक्षित आवासमा रहेर कार्य गर्न सक्ने वचनवद्ध हुनु ।<br>●लैङ्गिक संवेदनशील<br>●समयदिन सक्ने |

२.३. सुरक्षा गार्ड

**गार्डको मुख्य काम, कर्तव्य र जिम्मेवारीहरु**



सिंह धामी
प्रमुख

जिल्ला समन्वय समिति बैतडी सुदूरपश्चिम प्रदेश नेपाल २०७४

**क. महिला सुरक्षित आवासगृहको गार्ड मुख्य रुपमा सेवा केन्द्र र सेवाग्राहिको सुरक्षा प्रति जिम्मेवारी रहन्छ।**

- सेवा केन्द्रको नियमित निगरानी र निरिक्षण गर्ने ।
- सेवा केन्द्र र सेवा केन्द्रमा आएका सेवाग्राहिको सुरक्षाको जिम्मेवारी लिने ।
- सेवा केन्द्रमा पुरुष र असम्बन्धित व्यक्तिलाई प्रवेश गर्न नदिने र सम्बन्धित व्यक्तिलाई पनि अनुमतिमा भेटघाट समयमा मात्रै प्रवेश गराउने ।
- सेवाग्राहिलाई सेवा केन्द्रबाट बाहिर लानु परेको खण्डमा सँगै जाने ।
- सम्भावित हिंस्रक र जोखिम जन्य घटनाबारे चनाखो रहने ।
- सेवा केन्द्रमा कार्यरत प्रमुख मातहत रहि प्रमुख, वार्डेन र मनोविमर्शकर्ताप्रति सहयोगी भूमिका खेल्ने ।
- सेवाग्राहिको गोपनियताको कायम गर्ने ।
- सेवा केन्द्रमा आउने हिंसा प्रभावितहरुको सुरक्षाको प्रत्याभुती गर्ने ।
- सेवाग्राहिको व्याक्तिगत फाइल तथा विवरणलाई अपडेट गर्न मनोविर्मशकर्ता, वार्डेन र प्रमुखलाई आवश्यकता अनुसार सहयोग गर्ने ।
- सेवा केन्दमा आवश्यक सर-सामानको खरिद, व्यवस्थापन र रेखदेखमा आवश्यकता अनुसार सेवाकेन्द्र संचालन टिमलाइ गर्ने ।
- विहान, दिउँसो र बेलुकी हिंसा प्रभावित खाना खाजा बनाएर खुवाउने ।
- शान्ति सुरक्षा चुनौतीलाई कम गर्ने सेवाकेन्द्र संचालन गर्ने संस्था र जिल्ला प्रहरी कार्यालयको निरन्तर संम्पर्क तथा सल्लाहलाई अवलम्वन गर्ने ।
- कार्यालय र पीडितका कुराहरु गोप्य र गोपनीयता कायम गर्नु पर्ने ।
- महिला सुरक्षित आवासगृहको आचार संहितालाई पूर्ण पालना गर्नु पर्ने ।

**ख. योग्यता र अनुभव:**

| | |
|---|---|
| **शैक्षिक** | साधारण पढलेख गर्न सक्ने |
| **अनुभव** | महिला हक अधिकार, महिला सशक्तिकरण र लैंगिक सवालमा, लैंगिक आधारित हिंसाको क्षेत्रमा काम गरेको कम्तीमा एक वर्षको अनुभव भएको वा हिंसा प्रभावित महिला । |
| **ज्ञान तथा सिप** | ●नेपालको सन्दर्भमा बिद्यमान लैंगिकता आधारित हिंसा र घरेलु हिंसा सम्वन्धी समस्या, सवाल वा मुद्दा सम्बन्धि ज्ञान भएको ।<br>●सुरक्षित आवास र सुरक्षित आवासमा बस्ने हिंसा पीडितको सुरक्षा गर्ने सीप, क्षमता र ज्ञान भएको । |
| **व्यक्तिगत गुण** | ●महिला सुरक्षित आवासमा आवासिय रुपमा बसेर कार्य गर्न सक्ने वचनवद्ध हुनु पर्ने ।<br>●लैङ्गिक संवेदनशील<br>●पूर्ण समय दिन सक्ने । |

खगेन्द्र सिंह धामी
प्रमुख

जिल्ला समन्वय समिति
बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७४

अनुसुची ३

**३.१. महिला सुरक्षित आवास गृहमा कार्यरत कर्मचारीहरुको आचार संहिता ।**

- कर्मचारीहरु कुनै पनि गैर कानुनी त्रियाकलापमा संलग्न हुन नहुने ।
- आश्रिति प्रभावित महिला तथा बालबालिकाहरुलाई जात जाति, धर्म वा लिङ्गको आधारमा विभेद गर्न नहुने ।
- प्रभावित महिला तथा परिवारहरुबाट कुनै पनि पुरस्कार, वकस वा उपहार लिन नपाईने ।
- प्रभावित महिला तथा बालबालिकाहरुको विवरण गोप्य राख्नु पर्ने ।
- कर्मचारीहरुले आश्रित महिला तथा बालबालिकाहरुलाई गाली गलौज गर्न नहुने ।
- यदि कुनै आश्रित महिलाले अर्को आश्रित महिला माथि दुर्व्यवहार गरेमा चेतावानी पत्र दिने र लिखित रुपमा माफी माग्न लगाउने ।
- कर्मचारीले आश्रित महिला तथा बालबालिकासँग भावनात्मक वा कुनै किसिमको सम्वन्ध बनाउन नपाईने ।
- कर्मचारीले आश्रयमा हातहतियार, अवैध सामान, लागु पदार्थ ल्याउन वा प्रयोग गर्न नपाईने ।

**३.२. महिला सुरक्षित आवास गृहमा आश्रितहरुको आचार संहिता ।**

**आश्रय शिविरमा बसुन्जेल निम्न लिखित नियमहरु पलना गर्नेछु ।**

- म सवैलाई समान व्यवहार गर्ने छु ।
- मेरो व्यक्तिगत कुरा म कसैसँग गर्ने छैन ।
- म कसैमथि शंका गर्ने छैन । म कसैलाई गाली गलौज गर्ने छैन ।
- म कसैलाई आक्षेप लगाउने छैन ।
- मोवइल फोनको उपयोग गर्ने छैन । आवश्यक परे मात्र कर्मचारीहरुको अनुमतीमा गर्ने छु ।
- हामी सवैको पिडा एउटै हो । सबै मिलिजुली बस्ने छौ । एक आपसमा सहयोग गर्ने छौ ।
- आश्रित महिलाहरुले महिला सुरक्षित आवास गृहमा हात हतियार, अवैध सामान, लागु पदार्थ ल्याउन र प्रयो गर्न नपाउने ।

**३.३. महिला सुरक्षित आवास गृहका आगन्तुकहरुको आचार संहिता**

- आश्रय शिविर अवलोकन गर्न आउँदा आगन्तुकले भ्रमणको उद्दश्य सहित पुर्व जानकारी गराउनु पर्ने छ
- आश्रित महिला तथा बालबालिकाहरुको व्यक्तिगत तथा घटना बारेमा जानकारी लिन पाईने छैन ।
- शिविर अवलोकन भ्रमणको समय बिहान १० देखि बेलुकी ४ बजे तोकिएको छ ।

गन्द्र सिंह धामी
प्रमुख

- शिविरमा संरक्षित महिला वा बालबालिका विशेषलाई तोकेर कुनै सहयोग गर्न पाईने छैन । प्रभावित महिलाहरुको सशक्तिकरणको लागि सहयोग गर्न चाहेमा आश्रय शिविर व्यवस्थापनलाई प्रत्यक्ष सहयोग गर्न सकिने छ ।
- शिविर सुरक्षित मानिसहरुका परिस्थितिलाई सम्मान तथा संवेदनशीलतापुर्वक व्यवहार गर्नु पर्ने छ ।
- आगन्तुकको भ्रमणको उद्देश्य संरक्षित मानिसहरुको अधिकार भन्दा कदापी ठुलो हुने छैन ।
- शिविरमा आश्रित प्रभावित महिला तथा बालबालिकाहरुको गोपनियता सम्बन्धि आधिकारको सम्मान गर्नु पर्ने छ ।
- शिविरमा संरक्षित महिला तथा बालबालिकाहरुको गोपनियता भंग हुने गरि फोटो, भिडियो तथा श्रव्य, दृष्य सामग्री उत्पादन साथै प्रचार प्रसार गर्न तथा सामाजिक संजालमा राख्न पाईने छैन ।
- आगन्तुकहरुले प्रभावित महिला हरुको व्यक्तिगत तथा घटनाको बारेमा सोध्न पाईने छैन ।

खगेन्द्र सिंह धामी
प्रमुख

जिल्ला समन्वय समिति
बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७४

# जिल्ला समन्वय समिति

## गढी, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. ०९५-५२०१४४
फोन नं. ०९५-५२०२१२
E-mail :ddcbaitadi@gmail.com

जिल्ला समन्वय समिति बैतडी सुदूरपश्चिम प्रदेश नेपाल २०७४

प.सं.२०८१।०८२
च.नं. १०४

मितिः २०८१/१०/१०

श्री स्थानीय तह सबै,
न.पा/गा.पा बैतडी।

विषयः- सहयोग सम्बन्धमा।

उपरोक्त विषय सम्वन्धमा अल्पकालिन महिला सुरक्षित आवास गृहको दिर्घकालिन सञ्चालनको लागी कोष संयन्त्र, व्यवस्थापन र संरक्षणका साथै नियमित अनुगमन, निरक्षण र मापदण्डअनुसार सञ्चालन गर्नका लागी मिति २०८१/०३/२६ गतेको जिल्ला सभाबाट "अल्पकालिन महिला सुरक्षित आवास गृह" संचालन कार्यविधि २०८१ मा पारित भएकोमा उक्त महिला सुरक्षित आवास गृह संचालन कोष राष्टिय वाणिज्य बैंक लिमिटेडमा रहेको खाता नं. ४६५०१०००००११९००१ मा रकम जमा गरिदिन हुन अनुरोध छ।

खगेन्द्र सिंह धामी
प्रमुख
जि.स. स बैतडी

खगेन्द्र सिंह धामी
प्रमुख

आज मिति २०८२।०१।१२ गतेका दिन अल्पकालिन महिला सुरक्षित आवास गृह सल्लाहकार तथा कोष व्यवस्थापन समितिको अन्तरक्रियात्मक बैठक जिल्ला समन्वय समितिका प्रमुख श्री खगेन्द्र सिंह धामी ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितीमा बस्यो ।

उपस्थिती

१. श्री खगेन्द्र सिंह धामी जि.स.स. प्रमुख
२. श्री पद्मराज जोशी द.न.पा. प्रमुख
३. श्री दिपक बहादुर बम पुर्चौडी न.पा.
४. श्री गौरीश्वर रावल पाटन नगरप्रमुख
५. श्री सिद्धराज उपाध्याय प्र.जि.अ.
६. श्री कौशिल्या चन्द द.न.पा. न. उपप्रमुख
७. श्री कमलसिंह बोहरा/मगर उपप्रमुख, पाटन न.पा.
८. श्री सफल थापा, गुल्मपति, श्री श्रीकवल गुल्म, गोठालापानी
९ श्री बलराम पाण्डेय, प्र.नि. जि.प्र.का. बैतडी
१० ,, नवीन चन्द्र पाण्डेय प्र.प्र.अ. द.न.पा.
११ ,, डिलम्बर गिरी, प्र.अ.अ., प्र.अ.जि.का. बैतडी
१२ ,, शंकर दत्त जोशी कार्यालय प्रमुख सामाजिक विकास
13 Dr. Srijan Khadka District Hospital Baitadi Medical Officer
१४ — देवकी भट्ट मनोविमर्शकर्ता पाटन न.पा.
१५ — माया भट्ट मामला व्यवस्थापक (ocmc) बैतडी
१६ — बिन्नु कु विष्ट (पा.न.पा.)
१७ — सरस्वती लेखक मामला व्यवस्थापक ocmc बैतडी
१८ — राधिका रावल स्वा.प्र. कार्यकर्ता
१९ — लिला कुँवर म.बि.शा. द.न.पा.
२० — लक्ष्मी बिष्ट स.प्र.पा. द.न.पा.
२१ धाना चन्द का.पा. सदस्य मेलौली नपा
२२ तारामणी बडुचन्द प्र.प्र.अ. ,, ,,
२३ राम सागर शाही मि.प्र.प्र.अ. पञ्चेश्वर गा.पा.
२४ नन्द राम जोशी प्र.प्र.अ. दोगडाकेदार गा.पा.

Date ______
Page ______

24 शंकर बहादुर साउद जि.प्र.प्र: अ: डिलासैनी/प्रा.प.
25 घनश्याम सिंह धामी [illegible] बैतडी
26 गणेश बहादुर [illegible] नि.पा. [illegible]
27 ध्रुवचन्द्र जोशी सुर्नया गा.पा. जनस्वास्थ्य अधिकृत
28 गोविन्दसिंह रावल आ.ले.प.सहायक कोषलेखा [illegible]
29 भोगराज जोशी प्र.प्र.अ. सुर्नया गा.पा.
30 प्रेमसिंह भाट जि.स.स. सदस्य बैतडी
31 देवेन्द्र कु बोगटी जि.प्र.शाखा का. बैतडी
32 रमेश प्रसाद सिंह डिलासैनी
33 धिरेन्द्र साउद जि.प्र.का. बैतडी
34 नौराज [illegible] जि.प्र.का. बैतडी
35 बहादुर [illegible] प्र.जि.अ. गाडी [illegible]
36 गोपाल बहादुर रावल नेपाली सेना [illegible]
37 पवित्रा भट्ट [illegible] epsw संयोजक
38 केशव [illegible] [illegible]
39 जगदीश जोशी ह.स.चालक
40 धर्मानन्द भट्ट [illegible]
41 राज बहादुर धामी [illegible]
42 गौरी दत्त जोशी लेखापाल
43 महादेव सिंह कार्की ह.स.चा
44 कुवेर जोशी [illegible]
45 जिवन चन्द ह.स.चा
46 कृपा चौधरी खरिदार
47 ललित बोहरा पत्रकार
48 कमल सिंह बिष्ट सू.प्र.अ
49 प्रकाश [illegible] ह.स.चा.
50 दिनेश ब. सिंह बैतडी

प्रस्तावहरु / निर्णयहरु

१) जिल्ला स्तरिय अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालन कार्यविधि २०८१ को अन्तर्क्रियात्मक छलफल गरी आवास गृह सञ्चालन र व्यवस्थापनका लागि अन्तरपालिका स्रोत व्यवस्थापनको लागि आ.व. २०८१/०८२ मा यस कार्यक्रमका लागि विनियोजित अनुदान रकम महिला सुरक्षित आवास कोषमा दाखिलाका लागि पालिकाहरुलाई अनुरोध सहित पत्राचार गर्ने निर्णय गरियो ।

२) लैङ्गिक हिंसा न्यूनिकरणका लागि जिल्ला र पालिकामा भएका राम्रा अभ्यास र सिकाई बारे छलफल गरियो र असल अभ्यासहरुको अनुसरण गर्ने निर्णय गरियो ।

३) पालिका [redacted] स्तरिय लैङ्गिक हिंसा कोषको अवस्था र परिचालनको बारेमा छलफल गरी कार्यविधि बनाई सञ्चालन तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

४) अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को प्रगति बारे समिक्षा गरि सबै पालिकाले हिंसा प्रभावित लाई आवश्यकता अनुसारको (OCMC) ले दिने सेवा बारे जनचेतनामूलक कार्यक्रम गर्ने र प्रभावितलाई सम्बन्धित निकायमा प्रेषण गर्ने निर्णय गरियो ।

५) पालिका स्तरमा लैङ्गिक उत्तरदायि बजेटको कार्यान्वयनको बारेमा छलफल गरी आगामी आ.व. को वार्षिक बजेट कार्यक्रममा सहयोग गरी निर्दिष्ट बजेट बनाई सूत्रमा पनि समावेश गर्ने निर्णय गरियो ।

Date
Page

६) बैतडी जिल्लाकै एकमात्र संचालनमा रहेको सुरक्षित महिला आवास गृह सञ्चालनका लागि जिल्ला समन्वय समितिले कार्यविधि बनाई १० ओटै पालिकाले कोषको खातामा वार्षिक २,५०,०००।- अक्षेरुपी दुई लाख पचास हजार अनुदान दिने निर्णय अनुसार हाल सम्म कुनै पनि पालिकाले रकम खातामा जम्मा नगरेकाले मिति २०८१ वैशाख मसान्त भित्र खातामा रकम जम्मा गर्ने निर्णय गरियो ।

७) बैतडी जिल्लाकै एकमात्रै संञ्चालित रहेको महिला सुरक्षित गृह पाटन बैतडी जिल्लाकै बिच र अधिक पालिकाहरूको पायक पर्ने स्थानमा रहेको र OCMC सञ्चालनका लागि आवश्यक पुर्वाधारको पनि सम्भावना रहेकोले पाटन अस्पतालमा OCMC सञ्चालन गर्ने निर्णय गरियो ।

८) द० न.पा बैतडीमा सुरक्षित आवास गृह सञ्चालन गर्ने विषयमा फरक-फरक आवाज उठेको कुरालाई मध्यनजर गर्दै सुरक्षित महिला आवास गृह सञ्चालनका लागि आवश्यक पुर्वाधार का लागि द न.पा सहित संघ संस्था र सरोकारवाला सँग पहल गर्ने र तत्कालका लागि भौतिक पुर्वाधार उपलब्ध हुने अवस्था नदेखिएमा द न.पा लाई अन्य विकल्पबाट पनी यथाशिघ्र सेफ हाउस संचालन गर्न आग्रह गर्ने निर्णय गरियो ।

Page

आज मिति २०८२।०२।०३ गते कादेरे जिल्ला लैंगिक हिंसा व्यवस्थापन सल्लाहकार समितिको बैठक जिल्ला समन्वय समितिका प्रमुख श्री खगेन्द्र सिंह धामी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बस्यो।

उपस्थिति:

१. श्री खगेन्द्र सिंह धामी जि.स.स. प्रमुख
२. श्री दमन बहादुर कुँवर " " " उप प्रमुख
३. श्री कोकिला चन्द
४. श्री बिना भट्ट
५. श्री पारवती कार्की
६. मञ्जु महरा बोहरा
७. भविष्य बोहरा
८. सकुन्तला साउद
९. मिना धानुक
१०. धना धामी
११. कमल सिंह बोहरा
१२. पार्वती बोहरा विष्ट
१३. डा. हेमेन्द्र नेपाली
१४. राम बहादुर धामी
१५. खगेन्द्र भट्ट
१६.

आमन्त्रित

१. श्री सिद्धिराज उपाध्याय प्रमुख जिल्ला अधिवक्ता
श्री मुकेन्द्र कुमार मिश्र प्रहरी नायव उपरीक्षक
श्री कमल सिंह कठायत जि.स.स. सदस्य
श्री प्रेम सिंह भाट जि.स.स. सदस्य
श्री शंकरदत्त जोशी सामाजिक विकास कार्यालय
प्रतिनिधि — श्री पुल्की बोहरा पा.व.पा. ५ वडा सदस्य
श्री माया भट्ट ocmc म.[illegible]
श्री तारा भट्ट ocmc Nepal

Date
Page

श्री धनश्याम सिंह धामी जि.प.प्र. प्रमुख स्वास्थ्य प्रतिनिधि
श्री तल्धा भट्ट नगरसभा सदस्य (द.न.पा.)
श्री दिपेश्वरी बम Male life
श्री हिमेन्द्र कुमार बोहरा विषय विज्ञ/संयोजक
श्री मिन बहादुर बोगटी जिल्ला प्रहरी कार्यालय
श्री बाहादुरदत्त भट्ट जिल्ला प्रशासन कार्यालय
श्री महादेव प्रसाद कार्की जि.स.स. ...
श्री नायक सिंह बिष्ट जि.स.स. का.प.
श्री रमेशप्रसाद बिष्ट जि.स.स. का.प.
श्री धिरेन्द्र बहादुर बम जिल्ला प्रशासन कार्यालय
श्री गोकुल बोहरा डिलासैनी गा.पा. ...
श्री डा. रिजन खड्का जिल्ला अस्पताल बैतडी

छलफलका विषयहरु

१. कार्य विधी पुन: उपलब्ध गराउने सम्बन्धमा र समिक्षा सम्बन्धमा।
निर्णय नं.१ प्रस्ताव नं. १ माथी आवश्यक छलफल गर्दा लैङ्गिक हिंसा व्यवस्थापन सल्लाहकार समितिको नियमित बैठकमा तपशिल अनुसारका क्रियाकलाप एवं समिक्षा गर्दै बैठक सम्पन्न गरियो।

तपशिल

१- OCMC को प्रगती समिक्षा बारे छलफल एवं प्रस्तुती करण गरियो।
२- सुरक्षित आवास गृह संचालनको लागी कार्यविधी पुन: पालिकाहरुमा पठाउने र पालिकाको उपलब्ध गराउने प्रतिबद्धता
३- OCMC र सुरक्षित आवास गृह संचालनका समस्या पहिचान गर्दै समाधानका विकल्प बारे छलफल गरियो।
४- मुद्दामा सुनुवाई निर्देशिका को ड्राफ्ट बारे जानकारी एवं छलफल गरियो।
५- सुरक्षित आवास गृह संचालनका लागी जोखमात्र गर्ने जिम्मा सबै पालिकाहरुले कोष उपलब्ध गराउने।

# पाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल


प.स. : २०८१।०८२
च.न. १८५०

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

मिति : २०८२।०३।१५

श्री नगर प्रमुख ज्यु/गाउँपालिका अध्यक्ष ज्यु ।
मेलौली ..........नगरपालिका/गाउँपालिका,
नगरपालिका ..........बैतडी ।

विषय : अनुदान रकम उपलब्ध सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा बैतडी जिल्लाको एक मात्र अल्पकालिन महिला सुरक्षित आवास गृह यस पाटन नगरपालिका वडा नं.०६ मा २०७३ सालदेखि संचालनमा रहेको व्यहोरा अवगत नै छ । हाल जिल्लाका १० वटै पालिकाका लैंगिक हिंसा प्रभावित सेवाग्राहीले सेवा लिदै आएको र सेवाग्राहीको संख्या बढ्दै गएकोले पाटन नगरपालिकालाई सञ्चालन तथा व्यवस्थापन गर्न आर्थिक व्ययभार वहन गर्न कठिनाई भएको हुदा जिल्ला समन्वय समितिको बैठकले प्रत्येक पालिकाले सेफ हाउस संचालन तथा व्यवस्थापनका लागि कम्तीमा रु. २५००००। (अक्षरेपी दुई लाख पचास हजार मात्र) बार्षिक रुपमा अनुदान उपलब्ध गराउने भनी गरेको निर्णय अनुसार तहाँ पालिकाबाट अनुदान स्वरुप रकम यसै पत्रसाथ संलग्न चेकबुकमा उल्लेख भएको खातामा उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

..........
गौरी सिंह रावल
नगर प्रमुख


फोन नं.०९५-४०००५७ email : ptnmun@gmail.com web : patanmun.gov.np